राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मसुरिया देउखुरी दाङ लुम्बिनी प्रदेश नेपाल

आ.व. २०८१/८२ च.न. ५३( शिक्षा) मितिः२०८१/०५।२८

विषयः राष्ट्रिय शिक्षा दिवस मनाउने सम्बन्धमा।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,
राप्ती गाउँपालिका दाङ।

राष्ट्रिय शिक्षा दिवसको आदर्श वाक्य **"ज्ञान, विज्ञान, सीप, उद्दम, र मौलिकताः साझेदारी र प्रणालीगत सक्षमता"** भएकाले आगामी २०८१ साल असोज २ गते बुधबारका दिन गाउँपालिकास्तरमा राष्ट्रिय शिक्षा दिवस मनाउने कार्यक्रम रहेकोमा उक्त कार्यक्रमलाई सफल बनाउन निम्नानुसार प्रतियोगितात्मक कार्यक्रम आयोजना गरी मनाउने गरी निर्णय भएकोले प्रतियोगितामा विद्यार्थीहरुको सक्रिय सहभागी हुने व्यवस्था मिलाउनु हुन अनुरोध छ। पालिकास्तरको कार्यक्रममा सहभागी हुन नसक्ने विद्यालयहरुले सम्बन्धित विद्यालयमा नै रचनात्मक तथा सन्देशमूलक कार्यक्रम आयोजना गरी मनाउने व्यवस्था मिलाउनु हुनसमेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

तपसिल

| क्र.स. | कार्यक्रमको विवरण | सहभागी पठाउने इच्छुक विद्यालयबाट | प्रतियोगिता सञ्चालन हुने मिति | समय | स्थान |
|---|---|---|---|---|---|
| १ | वक्तृत्वकला प्रतियोगिता | छात्र/छात्रा १/१ जना | २०८१।०६।०१ | नामदर्ता विहान १०:०० बजेसम्म र प्रतियोगीता ११:३० बजेदेखि | राप्ती गाउँपालिका |
| २ | कविता प्रतियोगिता | छात्र/छात्रा १/१ जना | २०८१।०६।०१ | विहान १०:०० बजेदेखि | राप्ती गाउँपालिका |
| ४ | निबन्ध प्रतियोगिता | छात्र/छात्रा १/१ जना (कक्षा ९-१२) | २०८१।०६।०१ | विहान १०:०० बजेदेखि | राप्ती गाउँपालिका |
| ५ | निबन्ध प्रतियोगिता | छात्र/छात्रा १/१ जना (कक्षा ६-८) | २०८१।०६।०१ | विहान १०:०० बजेदेखि | राप्ती गाउँपालिका |
| ६ | चित्रकला | छात्र/छात्रा १/१ जना (कक्षा ६-८) | २०८१।०६।०१ | विहान १०:०० बजेदेखि | आदर्श मा वि लालमटिया |

राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मसुरिया देउखुरी दाङ लुम्बिनी प्रदेश नेपाल

| क्र.स. | कार्यक्रमको विवरण | सहभागी पठाउने इच्छुक विद्यालयबाट | प्रतियोगिता सञ्चालन हुने मिति | समय | स्थान |
|---|---|---|---|---|---|
| | चित्रकला | छात्र/छात्रा १/१ जना (कक्षा १-५) | २०८१।०६।०१ | विहान १०:०० बजेदेखि | आदर्श मा वि लालमटिया |
| | राष्ट्रिय शिक्षा दिवस मूल समारोह | | २०८१।०६।०२ | विहान ११:०० बजेदेखि | राप्ती गाउँपालिका |

**प्रतियोगितात्मक गाउँपालिकास्तरिय कार्यक्रम तर्फ**

साक्षरता दिवशको अवसरमा निम्नानुसारका प्रतियोगितात्मक क्रियाकलापहरु सञ्चालन गर्नेः

**१. कविता प्रतियोगिता**

कविता गद्य वा पद्यको सिद्धान्तमा रही कम्तीमा १५० देखि बढीमा २०० शव्दसम्म देवनागरी लिपीमा हुनुपर्नेछ र कविता अप्रकाशित हुनुपर्नेछ। प्रकाशित कविताको मूल्याङ्कन गरिनेछैन। प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय हुने कवितालाई क्रमशः रु .४०००।-, ३०००।- र २०००।- करकट्टि गरी प्रदान गरिनेछ। उत्कृष्ट कवितालाई गाउँपालिकाबाट प्रकाशन हुने स्मारिकामा प्रकाशन गरिनेछ। विद्यालयहरुले प्रतियोगिताको लागि बढीमा २ जना उत्कृष्ट विद्यार्थीको कविता छनौट गरी पठाउनुपर्नेछ।

**२. निबन्ध प्रतियोगिता**

निबन्ध कम्तीमा १५०० शब्दको हुनुपर्नेछ। निवन्ध नेपाली भाषामा लेखेको हुनुपर्नेछ। निबन्ध लेख्नमा मौलिक विचार शैलीको प्रस्तुतीलाई मान्यता दिइनेछ। व्यक्तिगत र संस्थागत लालछनायुक्त लेखको मूल्याङ्कन गरिनेछैन। तथ्य र तथ्याङ्कको स्रोत आधिकरिक, यथार्थपरक र अद्यावधिक हुनुपर्नेछ। निवन्ध अनेत्र प्रकाशित नभएको र मौलिक हुनुपर्नेछ। यस सम्बन्धी स्वघोषणा निबन्धसाथ पेश गर्नुपर्नेछ। प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय हुने निबन्धलाई क्रमशः रु .४०००।-, ३०००।- र २०००।- करकट्टि गरी प्रदान गरिनेछ। उत्कृष्ट निबन्धलाई गाउँपालिकाबाट प्रकाशन हुने स्मारिकामा प्रकाशन गरिनेछ। विद्यालयहरुले प्रतियोगिताको लागि बढीमा २ जना उत्कृष्ट विद्यार्थीको निबन्ध छनौट गरी पठाउनुपर्नेछ।

**३. वक्तृत्वकला प्रतियोगिता**

आधारभूत तथा माध्यमिक तहका विद्यार्थीहरुले भाग लिन सक्नेछन्। प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय हुने प्रतियोगीलाई क्रमशः रु .४०००।-, ३०००।- र २०००।- पुरस्कार करकट्टि गरी प्रदान गरिनेछ।

विश्वास वि.क.

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मसुरिया देउखुरी दाङ लुम्बिनी प्रदेश नेपाल

**४. आधारभूत तह कक्षा ६-८ का विद्यार्थी आधारित चित्रकला प्रतियोगिता"**

आधारभूत तह कक्षा ६-८ मा अध्ययनरत विद्यार्थीहरु सहभागी हुने गरी चित्रकला प्रतियोगिता आयोजना गरिनेछ । यसका लागि विद्यालयले उत्कृष्ट २ जना विद्यार्थीहरु छनोट गरी पठाउनु पर्नेछ । प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय हुने प्रतियोगीलाई क्रमशः रु .४०००।-, ३०००।- र २०००।- करकट्टि गरी प्रदान गरिनेछ ।

**५. प्राथमिक तह कक्षा १-५ का विद्यार्थी सहभागी हुने गरी चित्रकला प्रतियोगिता**

प्राथमिक तह कक्षा १-५ मा अध्ययनरत विद्यार्थीहरु सहभागी हुने गरी चित्रकला प्रतियोगिता आयोजना गरिनेछ । यसका लागि विद्यालयले उत्कृष्ट २ जना विद्यार्थीहरु छनोट गरी पठाउनु पर्नेछ । प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय हुने प्रतियोगीलाई क्रमशः रु .४०००।-, ३०००।- र २०००।- करकट्टि गरी प्रदान गरिनेछ ।

नोटः कविता, वक्तृत्वकला, निबन्ध र चित्रकला प्रतियोगिताको शीर्षक पछि उपलब्ध गराइनेछ ।

विश्वास वि.क.

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत